# आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली

**मितिः ०३ अगस्त २०२५**

समयः १८:५० - १९:०० बजे

**<u>मुख्य समाचार</u>**

- संसद सत्र बीच तृणमूल कांग्रेस प्रमुख ममता बनर्जीले पार्टी सांसदहरुसित भोलि एक महत्वपूर्ण बैठक गर्नुहुनेछ।
- सिक्किमलाई बंगालसित जोड़ने राष्टीय राजमार्ग १० को विभिन्न भागहरूमा आज पहिरो गएको कारण यातायात बाधित बनेको छ।
- चिया श्रमिकहरुका न्यूनतम श्रम निर्धारण एवं संशोधन गर्न राज्य सरकारलाई सल्लाह दिने न्यूनतम श्रम परामर्श समिति निष्क्रिय रहेको क्रामाकपा श्रमिक सङ्गठनले बताएको छ।
- दिल्लीमा हुन गइरहेको राष्ट्रिय जुनियर बक्सिङ टुर्नामेण्टको लागि दार्जीलिङ्ग पहाडका ६ जना खेलाड़ीले बङ्गालको प्रतिनिधित्व गर्नेछन्।
- उत्तर बङ्गाल दलित समाज कल्याण मञ्चले राज्य सरकारसमक्ष सफाइकर्मीहरुको वेतन बडोत्तरी गरिन पर्ने माग गरेको छ।
- मौसम विभागले उत्तर बंगालमा आगामी मंगलवार सम्म भारी वर्षा हुने चेताउनी जारी गरेको छ।

**<u>ममता-बैठक</u>**

संसद सत्र बीच तृणमूल कांग्रेस प्रमुख ममता बनर्जीले पार्टी सांसदहरुसित भोलि सोमवार एक महत्वपूर्ण वर्चुअल बैठक गर्नुहुनेछ। यस बैठकमा लोकसभा अनि राज्यसभाका तृणमूल सांसदहरुलाई संसद भवनमा कुन मुद्दाहरुमाथि आवाज उठाउने तथा पार्टीका रणनीतिहरु बारे मार्गदर्शन दिइने आशा व्यक्त गरिएको छ। यस बाहेक आगामी पांच अगस्तमा पनि तृणमूल कंग्रेसको एउटा ठुलो वर्चुअल बैठक राखिएको छ जसमा पार्टीका सबै निर्वाचित जनप्रतिनिधि शामेल हुनेछन्। यो दुइ-स्तरीय रणनीतिक संवाद, पार्टीको आगामी राजनैतिक दिशा, संगठनात्मक संरचना अनि आगामी विधानसभा चुनावको योजनासित समबन्धित रहेको बताइएको छ।

**<u>पैह्रो-NH 10</u>**

राज्यमा लगातार भारी वर्षा भइरहेको छ भने दुइ दिनदेखि पहाड़मा लगातार भइरहेको वर्षाको कारण जनजीवनमाथि असर परेको देखिन्दैछ। दार्जीलिङ्ग पार्वतीय क्षेत्रका धेरै ठाउँहरुमा आज पैह्रो गएको खबरहरु प्राप्त भइरहेको छ। सबै भन्दा अधिक प्रभावित बंगाल-सिक्किमको जीवन रेखा राष्ट्रीय राजमार्ग-10 मा भएको छ। उल्लेखनीय छ हिज शनिवार श्वेतीझोरा, ममखोला, ऋषिखोला, तारखोला समेत धेरै ठाउँहरुमा पैह्रो गएको थियो। आज बिहान पनि यी स्थानहरुमा फेरि पैह्रो गएको छ। श्वेतीझोरामा राष्ट्रीय राजमार्ग-10 को एक भाग पैह्रोको कारण क्षतिग्रस्त बने पछि सड़कमा यातायात बाधित बनेको छ। यसको साथै पैह्रोको आशंका भएको सबै ठाउँहरुमा पुलिसलाई तैनात गरिएको छ।

**<u>पुस्तक लोकार्पण</u>**

साउथफिल्ड महाविद्यालय, दार्जिलिङको भाषा विभाग तथा बुकआन्ट प्रकाशन, सिलगडीको संयुक्त आयोजनामा प्रसिद्ध शिक्षाविद् एवं लेखक प्रोफेसर डा० प्रतापचन्द्र प्रधानद्वारा लिखित पुस्तक Revisiting the Old Gorkha Thum Dorjeeling: Then and Now को लोकार्पण एवं लेखकसँगको अन्तरक्रियात्मक कार्यक्रम भव्य रूपमा सम्पन्न भएको छ। कार्यक्रमको प्रमुख संरक्षक महाविद्यालयको प्राचार्या डा० अनुराधा राई रहनु भएको थियो भने कार्यक्रमको अध्यक्षता प्रख्यात चिन्तक तथा शिक्षाविद् डा० गोकुल सिन्हाले गर्नुभएको थियो। प्रमुख अतिथिको रूपमा सिक्किमका प्रगतिशील लेखक एवं उपन्यासकार मेघनाद दाहालको उपस्थिति रहेको थियो।

**<u>एक रिपोर्ट</u>**: *पुस्तकमाथि समालोचनात्मक टिप्पणी गर्दै डा० महेश प्रधानले लेखकको जीवनी, पुस्तकको ऐतिहासिक, राजनीतिक र सामाजिक पक्षबारे विश्लेषणात्मक प्रस्तुति दिनुभयो। 'लेखकसँगको भेट' सत्रमा अङ्ग्रेजी विभागका*

*प्राध्यापक विनोद प्रधानले लेखक डा० प्रतापचन्द्र प्रधानसँग अन्तरंग संवाद गर्दै गोर्खा इतिहासको विगतदेखि वर्तमानसम्मको राजनैतिक, सामाजिक परिवेश र लेखकको दृष्टिकोणमाथि विशेष चर्चा गरे। यसै अवसरमा बुकआन्ट प्रकाशनका तर्फबाट लेखकलाई सम्मानपत्र पनि प्रदान गरियो। कार्यक्रमका अध्यक्षीय मन्तव्यमा डा० गोकुल सिन्हाले दार्जिलिङ र सिक्किमको ऐतिहासिक सम्बन्ध तथा वर्तमान् राजनैतिक सन्दर्भमा पुस्तकको महत्वबारे गहन टिप्पणी गर्नुभयो। कार्यक्रममा दार्जिलिङ, सिक्किम, मिरिक, विजनबारी, खरसाङलगायतका क्षेत्रबाट विशिष्ट व्क्तित्वहरू, शिक्षाविद्, प्रकाशक, पत्रकार, विभिन्न महाविद्यालय र विद्यालयका शिक्षक, शोधार्थी तथा विद्यार्थीहरूको उल्लेखनीय उपस्थिति रहेको थियो।*

**क्रामाकपा-क्षोभ**

चिया श्रमिकहरुका न्यूनतम श्रम निर्धारण एवं संशोधन गर्न राज्य सरकारलाई सल्लाह दिने न्यूनतम श्रम परामर्श समिति निष्क्रिय रहेको बताउँदै क्रामाकपा श्रमिक सङ्गठनले कडा क्षोभ जनाएको छ। संगठनले न्यूनतम श्रम दिन नसक्ने समितिलाई राखेर केही लाभ नभएको तथा यसलाई भंग गरिन पर्ने दावी गर्दै समितिका सदस्यहरुबाट राजीनामाको मांग गरेको छ। आज बोलाइएको एउटा सभा पछि पत्रकारहरुलाई सम्बोधन गर्दै बन्द चियाबारीहरु फेरि सञ्चालन गर्न सरकारले जारी गरेको मानक संचालन प्रक्रिया (एस.ओ.पी)-को पालना कतै पनि नभएकोमाथि चिन्ता व्यक्त गर्दै, एक किस्ताको चिया बोनस २० प्रतिशत दरमा समानरुपमा वितरण हुनपर्ने संगठनले स्पष्ट अड़ान राखेको छ। अर्कोतर्फ आगामी ११ अगस्तदेखि शुरु हुन गइरहेको जोइण्ट फोरमको तीन दिवसीय श्रमिक अधिकार एकता यात्रा कार्यक्रमलाई समर्थन जनाउँदै क्रामाकपाले पनि सहभागिता जनाउने भएको छ।

**डुवर्सका विद्यार्थी**

डुवर्सका विद्यार्थी खेलाड़ीहरूले कोलकातामा आयोजित नवौं अन्तर्राष्ट्रिय कराँते च्याम्पियनशीपमा अद्भुत प्रदर्शन देखाउँदै १४ वटा स्वर्ण, १३ वटा रजत अनि सातवटा काँस्य पदक जित्न सफल बनेका छन्। यी सबै प्रतिभावान खेलाड़ीहरू डुवर्स कराँते एकेडेमीका विद्यार्थी हुन्। यस उपलब्धिमाथि एकाडेमीले आज एउटा कार्यक्रम आयोजन गर्दै सबै विद्यार्थीहरूलाई सम्मान जनाएको छ। वानरहाट तरुण संघ मैदानमा सम्पन्न सम्मान कार्यक्रममा एकेडेमीका प्रशिक्षक लगायत अभिभावक एवम् जनसाधारणको उपस्थिति रहेको थियो।

**बक्सिङ**

दिल्लीमा हुन गइरहेको राष्ट्रिय जुनियर बक्सिङ टुर्नामेण्टको लागि पहाडका ६ जना खेलाड़ीले बङ्गाललाई प्रतिनिधित्व गर्नेछन्। दिल्लीको नोयडामा आगामी ७ अगस्तदेखि शुरु हुन गइरहेको टुर्नामेन्टमा पहाड़का यी बक्सरहरु खिताब जित्न देशभरिका सब जुनियर बक्सर-हरुसित भिड्नेछन्। गत २४ जुलाईदेखि क्यापिटल टाउन हलमा आयोजित ३ दिवसीय राज्य स्तरीय टुर्नामेण्टमा स्वर्ण पदक जितेपछि यी बक्सरहरु नोयडामा हुने टुर्नामेण्टको लागि छनौट भएका टाउन बक्सिङ अनि जिल्ला बक्सिङ एकाडेमीले जनाएको छ। यसबारे जानकारी गराउँदै एकाडेमीले दार्जीलिङमा सम्पन्न भएको तीन दिवसीय राज्य स्तरीय बक्सिङ च्याम्पियनसिपको आयोजना गर्नमा सहयोग पुर्याउने सबैलाई एकमुष्ठमा आभार प्रकट पनि गरेको छ।

**वेतन बडोत्तरी मांग**

उत्तर बङ्गाल दलित समाज कल्याण मञ्चले राज्य सरकारसमक्ष सफाइकर्मीहरुको वेतन बडोत्तरी गरिनपर्ने माग गरेको छ। आर्थिक उत्थानको लागि वेतन वृद्धिलगायत दलितहरुलाई उपचार अनि शिक्षामा पनि सहयोग प्रदान गरिन पर्ने आग्रह गर्दै नव गठित दलित विकास बोर्डको लागि मञ्चले मुख्यमन्त्री ममता ब्यानर्जीप्रति आभार प्रकट गर्ने बताएको छ। आज दार्जीलिङमा सम्पन्न बैठकपछि मिडिया सम्बोधनमा मञ्च नेतृत्वहरुले यस्तो आशय जनाएका छन्।

**मिरिक-फुटबल**

मिरिकको आहले खेल मैदानमा जारी 79 औ स्वतन्त्रता दिवस अन्तर विद्यालय फुटबल प्रतियोगिताको प्रथम चरणको म्याच आज मरमा प्रेमसुन्दर उच्चतर माध्यमिक विद्यालय अनि वेद साईदा स्कुलमाझ सम्पन्न भयो। म्याचमा मरमा प्रेम सुन्दर

माध्यमिक विद्यालयले शुन्यको विरूद्ध पाँच गोल गर्दै विजयी बनेको छ। यो जीतसाथै प्रेमसुन्दर उच्चतर माध्यमिक विध्यालयले प्रतियोगिताको क्वाटर फाइनलमा प्रवेश गरेको छ।

**बांग्लादेशी-पक्राउ**

सशस्त्र सीमा बल (एसएसबी) का 41 औ वाहिनी, 'सी' कंपनी पानीटंकी का एक दलले सतर्कता देखाउँदै दुइ बांग्लादेशी नागरिकलाई नेपालबाट भारत अवैध रुपले पर्वेश गर्न कोशिश गरिरहेको समय पक्राउ गरेको छ। एसएसबीले एउटा प्रेस विज्ञप्ति जारी गरी यस बारे जानकारी दिएको हो। एसएसबी अनुसार, दुवैलाई गिरफ्तार गरी सोधपूछ पछि खोरीबाड़ी पुलिस कहाँ सुम्पिएको छ। दुवै बंग्लादेशी नागरिक विरुद्ध अघिको कार्यवाही शुरु गरिएको छ।

**उत्तर बंगाल वर्षा**

उत्तर बंगालका लगातार वर्षाको कारण उत्तर बंगालका धेरै जिल्लाहरु जलमग्न बनेको छ। तीस्ता नदीको पानी जलपाईगड़ी अनि हल्दीबाड़ीका केही क्षेत्रमा पसेको छ। सिंचाई विभागले तीस्ता अनि तोरसा नदीहरुका लागि येल्लो अर्लट जारी गरेको छ। यसै बीच, मौसम विभागले आगामी दुइ दिन सम्म उत्तर बंगालमा भारी वर्षा हुने चेतावनी जारी गरेको छ। यसको साथै विभागले उत्तर बंगालमाथि एउटा चक्रवात बनेको पनि बताएको छ जसकारण लगातार वर्षा भइरहेको छ। आगामी मंगलवार सम्म विभागले भारी वर्षा जारि रहने अनुमान पनि व्यक्त गरेको छ। प्रशासनले पहाड़ी क्षेत्रहरुमा पैहो जाने डर रहेको कारण निगराणी बढ़ाइदिएको छ भने आपदा प्रतिक्रिया दललाई तैयार राखिएको छ। यसको साथै स्थानीय मानिसहरुलाई सुरक्षित बस्ने सलाह पनि दिइएको छ।

**गोर्खाल्याण्ड-शहीद**

गोर्खाल्याण्ड आन्दोलनमा ज्यान गुमाउने  शहीदहरूप्रति सम्मान जनाउनको निम्ति इण्डियन गोर्खा जनशक्ति फ्रण्ट प्रमुख अजय एडवर्ड्स हाल राजस्थानको एक ऐतिहासिक ढुंगा खानीमा मूर्ति निर्माण कार्यको निरीक्षणका लागि उपस्थित भएका छन्। यस खानीमा गोर्खाल्याण्ड आन्दोलनका  शहीदहरूको अति मर्मस्पर्शी र कलात्मक कलाकौशल मार्फत मूर्ति निर्माण भइरहेको छ। श्री एडवर्ड्स अनुसार यी मूर्तिहरू अत्यन्त श्रद्धा र सटीक कलात्मक अभिव्यक्तिका साथ तयार पारिएका छन्।

****** ० ******